# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत: प्रकाशन

## (Pro-active Disclosure)

## आ.व. २०८२/०८३

(सार्वजनिक गरिएको अवधि:- २०८२।०७।०१-२०८२।०९।३० सम्म)


**जिल्ला प्रशासन कार्यालय, दार्चुला**

**फोन:- ०९३-४२०१३३**

**E-Mail:- daodarchula@moha.gov.np**

**Web: www.daodarchula.moha.gov.np**

# कार्यालय प्रमुख र सूचना अधिकारी



**अनिल पौडेल**
**प्रमुख जिल्ला अधिकारी**
**सम्पर्क नं. 9858727777**



**विनोद दाहाल**
**सहायक प्रमुख जिल्ला अधिकारी**
**(सूचना अधिकारी)**
**सम्पर्क नं.  9851223046**

# विषयवस्तु


१. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृतिः ........ 4

२. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार : ........ 4

३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण : ........ 5

४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा : ........ 5

५. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:- ........ 7

६. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको । ........ 8

७. CCTV Camera:- ........ 9

८. सहायता कक्ष (Help Desk) सञ्चालनः- ........ 9

९. कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:- ........ 9

१०. विधुतिय हाजिरी (E-attendance) सञ्चालनः- ........ 10

११. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी : ........ 10

१२. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :- ........ 12

१३. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ........ 13

१४. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम । ........ 13

१५. सम्पादन गरेको कामको विवरण : (२०८२।०४।०१-२०८२।०६।३१ सम्म) ........ 13

नागरिकता सम्बन्धी विवरणः- ........ 13

मुद्दा सम्बन्धी विवरणः- ........ 15

राहदानी निवेदन दर्ता र वितरण सम्बन्धी विवरणः- ........ 15

राष्ट्रिय परिचय पत्र विवरण दर्ता र वितरण सम्बन्धी विवरण ........ 17

१६. सूचना अधिकारी र प्रमुखको नाम र पद : ........ 41

१७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : ........ 41

१८. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण : ........ 42

१९. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:- ........ 42

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत:प्रकाशन

**(Pro-active Disclosure)**

(सार्वजनिक गरिएको अवधि:- **२०८२।०७।०१-२०८२।०९।३०)**

## १. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृति:

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो। स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ। जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

## २. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार :

१. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने।
२. नागरिकता प्रमाणपत्र वितरण गर्ने।
३. MRP राहदानीको फर्म संकलन तथा सिफारिस गर्ने।
४. नावालक परिचयपत्र जारी गर्ने।
५. आदिवासी जनजाती, दलित सिफारिस गर्ने।
६. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन।
७. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण।
८. विस्फोटक पदार्थ सिफारिस र नियमन।
९. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन।
१०. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन।
११. गैरसरकारी संघ, संस्था दर्ता, नवीकरण र नियमन।
१२. स्थानीय प्रशासनको सञ्चालन।
१३. बाल कल्याण तथा बाल अधिकारको संरक्षण।
१४. भ्रष्टाचार नियन्त्रण।
१५. कार्यालय निरीक्षण तथा अनुगमन/सुशासन कायम।
१६. कल्याण धन र बेवारिसी धनको व्यवस्थापन।
१७. चिठ्ठा, जुवा आदिको नियन्त्रण।

१८. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण।

१९. विपद् व्यवस्थापन।

२०. जिल्ला स्तरमा सार्वजनिक उत्सव कार्यक्रम।

२१. मुआब्जा निर्धारण तथा वितरण।

२२. पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस।

२३. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।

२४. लागू औषध ओसार पसार नियन्त्रण र रोकथाम।

२५. जिल्ला स्थित कारागारको व्यवस्थापन।

२६. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन।

२७. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण।

२८. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग।

२९. राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण।

३०. जिल्लामा सञ्चालित विकास निर्माण कार्यामा सहयोग।

३१. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने।

३२. अन्तराष्ट्रिय सीमा प्रशासन।

३३. न्याय सम्पादन सम्बन्धी कार्य।

३४. निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन।

## ३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण :

**कर्मचारी दरबन्दी:-** २० (कार्यरत १८ जना)

| सि.नं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | नायव सुब्बा | ४ | ४ | |
| ४ | लेखापाल | १ | - | १ रिक्त (कोलेनिकाबाट अतिरिक्त कामकाज) |
| ५ | कम्प्युटर अपरेटर | २ | २ | |
| ६ | खरिदार | ४ | २ | २ रिक्त |
| ७ | हलुका सवारी चालक | १ | १ | करार सेवामा कार्यरत |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | करार सेवामा कार्यरत |
| **जम्मा** | | २० | १७ | ३ जना रिक्त |

## ४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा :

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा :**

- शान्ति सुव्यवस्थाको माध्यमबाट नागरिकको जीउ धनको सुरक्षा गर्ने।

- अपराध हुन नदिन एवं अपराध न्यूनिकरणका लागि समुदायस्तर सम्म सचेतिकरणका कार्यक्रम संचालन गर्ने ।
- आम नागरिकलाई मुलुकको संविधान तथा कानून बमोजिम प्राप्त हक अधिकारको निर्वाध प्रयोगको वातावरण बनाउने।
- शान्ति सुरक्षाको कार्यमा सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- सामाजिक विकृति विसंगतिको अन्त्यका लागि सरोकारवालाहरुसंग हातेमालो गरी सभ्य, सदाचारी र सुरक्षित समाजको निर्माणका लागि आवश्यक सबै उपाय अवलम्वन गर्ने ।
- समाजमा शान्ति सुरक्षा कायम गर्न जिल्ला स्थित सवै स्थानीय तह, नागरिक समाज लगायत सवै सरोकारवालाहरुसंग सहकार्य/समन्वय गर्ने ।
- कार्यालयको दैनिक प्रशासन संचालन गर्ने ।
- संघ संस्था दर्ता/नवीकरण, शाखा खोल्ने अनुमति प्रदान, हातहतियार नविकरण, नामसारी, स्वामित्व हस्तान्तरण।
- वहुयात्रा अनुमति पत्र जारी, ताक्लाकोट प्रवेश अनुमति पत्र जारी ।
- विष्फोटक पदार्थ प्रयोग सम्वन्धी इजाजत पत्र जारी ।
- विभिन्न व्यहोरा शिफारिस/प्रमाणित गर्ने ।
- सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण एवं व्यवस्थापन गर्ने ।
- निजी सुरक्षा कम्पनीहरुको संचालन अनुमतिका लागि शिफारिस गर्ने ।
- ड्रोन उडान अनुमति प्रदान गर्ने, सि.सि-टि.भी. क्यामेराको अनुगमन गर्ने ।

**ख) राहदानी सम्बन्धी सेवा:**

- राहदानी सम्वन्धी फाराम संकलन गरी विवरण रुजु गर्ने, केन्द्रमा पठाउने ।
- द्रुत सेवाका लागि शिफारिस गरी पठाउने।
- संकलन केन्द्रमा प्राप्त राहदानी वुझी वितरण गर्ने ।
- राहदानीमा कुनै शंसोधन गर्नु परेमा तत्सम्वन्धी कार्य गर्ने।

**ग) नागरिकता सम्बन्धी सेवा:**

- वंशज/वैवाहिक अंगिकृत नागरिकता प्रदान गर्ने ।
- नागरिकताको प्रतिलिपि जारी गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने ।
- घरदैलोमा नै सेवा प्रदान गर्न एकिकृत घुम्ति सेवा शिवीर संचालन गर्ने ।
- नागरिकता सम्बन्धी अभिलेख Digitize गर्ने ।

**घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा:**

- सार्वजनिक शान्ति विरुद्धको कसुर र विशेष ऐनले तोकेका मुद्दाहरुमा शुरु कारवाही र किनारा गर्ने ।
- गुनासो वा ठाडो उजुरी ।

**ङ) हातहतियार इजाजत पत्र तथा नवीकरण सम्बन्धी सेवा:**

- हातहतियार इजाजत पत्र नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

**च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा:**

- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

**छ) आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा:**

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन।

**ज) विपद् व्यवस्थापन सम्बन्धी सेवा:**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण।
- विपद् न्यूनीकरणका लागि तयारी।
- विपद् भएको क्षति विवरण संकलन।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुन:स्थापना।

**झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा:**

- अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानबिन र सिफारिस।

**ञ) द्वन्द्ध व्यवस्थापन:**

- द्वन्द्ध प्रभावितहरुको अभिलेख व्यवस्थापन।
- द्वन्द्ध प्रभावित (मृतक/वेपत्ता/अंगभंग भई घाईते भएका) हरुलाई राहत वितरण।

**ट) राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा:-**

- राष्ट्रिय परिचय पत्रको विवरण संकलन गरि राष्ट्रिय परिचय पत्र जारी गर्ने।

**ठ) <u>सुशासन/ सार्वजानिक सेवा प्रवाह सम्बन्धि सेवाहरु:-</u>**


## ५. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:-

सेवाग्राही मैत्री कार्यालय वातावरण निर्माणका लागि कार्यालय परिसर भित्र Free Wi-Fi को व्यवस्था मिलाइएको छ। सेवाग्राहीहरुले आवश्यक रहेका कागजातहरु समेत internet को माध्यमबाट download गरी कार्यालयमा खोजेको समयमा पेश गर्न सजिलो भएको। साथै सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवा समेत प्रयोग गर्ने गरेका छन्।


## ६. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको ।

कार्यालयको सूचना, समाचार, मासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण, वार्षिक प्रकाशन, कार्ययोजना, जानकारीहरु कार्यालयको वेबसाईट www.daodarchula.moha.gov.np, Facebook page: www.facebook.com/ daodarchula, Twitter: @daodarchula, सूचना Moha SMS System मार्फत नियमित रुपमा अद्यावधिक गरि सार्वजनिक गर्ने गरिएको छ । जिल्ला स्थित स्थानीय तहको वेबसाईट समेत कार्यालयको वेबसाईटमा लिङ्क गरि राखिएको साथै नागरिक वडा पत्र समेत कार्यालयको वेवसाईटमा राखिएको छ ।


**जिल्ला प्रशासन कार्यालयको Website:** https://daodarchula.moha.gov.np/




**जिल्ला प्रशासन कार्यालयको Facebook Page: https://www.facebook.com/daodarchula/**



जिल्ला प्रशासन कार्यालयको Twitter Page: **https://twitter.com/daodarchula**




## ७. CCTV Camera:-

अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढाउने, CCTV/Camera को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने उद्देश्यका साथै कार्यालयको सुरक्षा प्रयोजनार्थ कार्यालयमा CCTV Camera जडान गरि सञ्चालनमा रहेको छ । सवै फांटहरुमा भएका काम कारवाही र कार्यालयमा आगमन/निर्गमन लगायत अन्य गतिविधिको Monitoring प्रमुख जिल्ला अधिकारीको कार्यकक्षबाट गरिने व्यवस्था मिलाइएको छ । जिल्ला स्थित अन्य सरकारी निकाय, व्यापारिक प्रतिष्ठान, जिल्लाको प्रवेश नाकामा समेत CCTV/Camera जडानमा प्रोत्साहन गरी त्यसको अभिलेख राख्ने र अनुगमन गर्ने गरिएको छ ।

## ८. सहायता कक्ष (Help Desk) सञ्चालन:-

सेवा प्रवाहको विषयमा सेवाग्राहीहरुलाई सहयोग गर्न सहयोग कक्ष (Help Desk) को व्यवस्था गरिएको । नागरिक वडा पत्र पढ्न नजान्ने र सेवा लिन पहिलो पटक कार्यालयमा आउने सेवाग्राहीका लागि सहायता कक्षको माध्यमबाट सेवा लिन सहज भएको पाइएको छ ।

## ९. कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:-

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ र नियमावली २०६५ बमोजिम सार्वजनिक निकायबाट सम्पादित कृयाकलापका सम्वन्धमा सरोकारवालाहरुलाई सहज ढंगले सूचना उपलव्ध गराउन र सेवाका सम्बन्धमा कुनै उजुरी वा गुनासा भए तत्सम्बन्धमा सम्बोधन गर्न सबै सरकारी निकायहरुमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकी सर्ब साधारणले जानकारी पाउने गरी फोटो र सम्पर्क नं. सहितको विवरण कार्यालयमा टांस्न निर्देशन दिइए बमोजिम सबै कार्यालयहरुले उक्त व्यवस्था गरेका छन ।

## १०. विधुतिय हाजिरी (E-attendance) सञ्चालन:-

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिलाई नियमित एवं नियमन गर्न विद्युतीय हाजिरी प्रणाली (E-Attendance Device) सेट मिति २०७३।०३।२७ देखि जडान गरी नियमित रुपमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याइएको छ। यसबाट कर्मचारीको समयपालनामा प्रभावकारिता ल्याएको छ । कोभिड-१९ को संक्रमणको जोखिम उच्च भएको समयमा मेशिनद्वारा हाजिरी लिने काम बन्द भई हाल कोभिड-१९ संक्रमणको दोस्रो लहरको जोखिम न्यूनीकरण भएको हुँदा उक्त मेशिन संचालनमा आई दैनिक हाजिरी लिने गरिएको ।

## ११. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी :

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. कक्ष | अनिल पौडेल | प्र.जि.अ. |  | 9858727777 | |
| २ | स.प्र.जि.अ. कक्ष | विनोद दाहाल | स.प्र.जि.अ. |  | 9851223046 | स्थायी |
| ३ | मुद्दा तथा हातहतियार, संघ संस्था दर्ता, पत्र पत्रिका दर्ता फाँट | वासुदेव विष्ट | ना.सु. |  | 9848781051 | स्थायी |
| ४ | विपद् व्यवस्थापन फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |
| ५ | नागरिकता फाँट | अन्जु चौधरी | ना.सु. | - | 9868557710 | स्थायी |
| ६ | नागरिकता फाँट | नरेन्द्र चौधरी | ना.सु. | - | - | स्थायी |
| ७ | राहदानी/सूचना प्रविधि फाँट | मोहन भट्ट | क.अ. |  | 9848844120 | स्थायी |
| ८ | लेखा फाँट | जगन्नाथ भट्ट | लेखापाल | | 9858775177 | स्थायी |

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| १ | नागरिकता फाँट | राम बहादुर गुरुङ्ग | क.अ. |  | 9868684333 | स्थायी |
| १० | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |
| ११ | राष्ट्रिय परिचय पत्र फाँट | चक्र पन्त | क.अ. |  | 9868797177 | ज्यालादारी |
| १२ | राष्ट्रिय परिचय पत्र फाँट | घुम्मन डगौरा | क.अ. | - | 9814954648 | ज्यालादारी |
| १३ | राष्ट्रिय परिचय पत्र फाँट | मिना बम सिंह | दर्ता सहायक |  | 9848840586 | ज्यालादारी |
| १४ | | महेश भट्ट | ह.स.चा. |  | 9848711444 | सेवा करार |

**कार्यालय सहयोगी**

| सि.नं. | नाम थर | पद | फोटो | सम्पर्क नं. | |
|---|---|---|---|---|---|
| १५ | उमेश अवस्थी | का.स. |  | 9868352801 | सेवा करार |
| १६ | नन्दा देवी भट्ट | का.स. |  | 9848709575 | सेवा करार |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | पदम सिंह बडाल | का.स. |  | 9749523284 | सेवा करार |
| १८ | रमिता ठेकरे | का.अ. |  | 9868777040 | सेवा करार |
| १९ | सर्जन ओखेडा | का.स. |  | 9848799419 | सेवा करार |

## १२. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. १५/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. ५,०००/– साधारण<br>रु. १०,०००/–हराएको राहदानी वापत | प्रक्रिया पुगेकै दिन | |
| ५ | राहदानी वितरण, नागरिकता अभिलेख | – | तुरुन्त | |
| ६ | गुनासो वा ठाडो उजुरी | - | यथाशीघ्र | |
| ७ | नाम, थर उमेर आदि प्रमाणित | - | प्रक्रिया पुगेकै दिन | |
| ८ | संस्था दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| ९ | संस्था नवीकरण | रु. ५००/– | प्रक्रिया पुगेकै दिन | |
| १० | संस्थाको विधान संशोधन | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १२ | दलित, आदिवासी/जनजाती सिफारिस | - | प्रक्रिया पुगेकै दिन | |
| १३ | पत्रपत्रिका दर्ता | दैनिक रु. १,०००/–<br>साप्ताहिक रु. ५००/– | प्रक्रिया पुगेकै दिन | |

| | | | | |
|---|---|---|---|---|
| | | पाक्षिक रु. ३००/– <br> मासिक रु. २००/– | | |
| १४ | छापाखाना दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १५ | हातहतियार नामसारी | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १६ | हा.ह. जिल्ला भित्रको नवीकरण | रु. १००/– | प्रक्रिया पुगेकै दिन | |
| १७ | हा.ह. नेपाल भरिको नवीकरण | रु. ५००/– बारबोर | प्रक्रिया पुगेकै दिन | |
| १८ | क्षतिपूर्ति एवं राहत वितरण | - | प्रक्रिया पुर्याएर | |
| १९ | विष्फोटक पदार्थ ईजाजत-पत्र | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| २० | विष्फोटक पदार्थ ईजाजत-पत्र नविकरण | रु. ५०/– | प्रक्रिया पुगेकै दिन | |

## १३. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगाएत प्रचलित कानून बमोजिम ।

**ख) निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारी:- प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

## १४. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम ।

## १५. सम्पादन गरेको कामको विवरण : (२०८२।०७।०१-२०८२।०९।३० सम्म)

## नागरिकता सम्बन्धी विवरण:-

**नागरिकता अभिलेख Digitalization सम्बन्धमा:-**

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | CIMS मा Entry गरिएको नयाँ नागरिकता | ४१४०५ | CIMS लागु भई देखि मिति २०८२।०९।२३ गतेसम्मको विवरण |
| २ | CIMS मा Entry गरिएको पुरानो नागरिकता | १०६८८८ | |
| ३ | CIMS मा Entry गरिएको नयाँ नागरिकता | ११३४ | मिति २०८२।०७।०१ गते देखि २०८२।०९।२३ गतेसम्मको विवरण |
| ४ | CIMS मा Entry गरिएको पुरानो नागरिकता | १२४ | |

**नाबालक परिचय पत्र Digitalization सम्बन्धमा:-**

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नाबालक परिचय पत्र जारी | ६ | मिति २०८२।०९।२३ गतेसम्मको विवरण |

**राहदानी अभिलेख Digitalization सम्बन्धमा:-**

| सि.नं. | विवरण | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | राहदानी जारी | ३०८ | दोस्रो त्रैमासिकमा शत प्रतिशत वितरण भएको, अघिल्लो त्रैमासिकमा वितरण गर्न बाँकी रहेका विद्युतीय राहदानीहरु समेत वितरण भएको। (२०८२ पुष २३ गते सम्मको विवरण) |
| २ | राहदानी वितरण | ३३१ | |


**राष्ट्रिय परिचय पत्र अभिलेख Digitalization सम्बन्धमा:-**

| सि.नं. | विवरण | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय परिचय पत्र विवरण दर्ता | २४१० | मिति २०८२।०९।२३ गतेसम्म |
| ३ | राष्ट्रिय परिचय पत्र कार्ड वितरण | ७१४ | |

### केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणाली (CCIMS) को External Moduleमा प्राप्त नागरिकता सिफारिस विवरण

यस जिल्ला स्थानीय तह अन्तर्गतका वडा कार्यालयहरुबाट गृह मन्त्रालयबाट संचालनमा रहेको केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणालीको External Module को प्रयोग गरी अनलाइन प्रणाली मार्फत वडा कार्यालयहरुले यस कार्यालयलाई नयाँ नेपाली नागरिकता प्रमाणपत्र जारी गर्न सिफारिस गर्ने सम्बन्धमा दार्चुलाका नौं वटै स्थानीय तहका ***कुल जम्मा ६१ वटा वडाहरु मध्ये जम्मा ४० वटा वडा कार्यालयहरुबाट मिति २०८२।०९।२२ गतेसम्ममा जम्मा २७२२ वटा अनलाईन सिफारिसहरु प्राप्त भई नयाँ नागरिकताहरु जारी भएको*** ।

गृह मन्त्रालयको निर्देशनअनुसार जिल्ला प्रशासन कार्यालय दार्चुलाले मिति २०८२/०७/१८ (च.नं. ६३६) मा जिल्लाका सबै नगरपालिका तथा गाउँपालिकाहरूलाई पत्राचार गर्दै अनिवार्य रूपमा 'अनलाइन नागरिकता सिफारिस प्रणाली' लागू गर्न निर्देशन दिएको । गृह मन्त्रालयको निर्देशनअनुसार कतिपय स्थानीय तह र वडाहरूमा यो प्रणाली पूर्ण रूपमा कार्यान्वयन नभएको देखिएकाले सेवा प्रवाहलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन यथाशीघ्र अनलाइन प्रणाली सुचारु गर्न अनुरोध गरिएको। साथै, सो प्रणाली सञ्चालनका लागि तालिम वा प्राविधिक सहजीकरण आवश्यक भएमा मन्त्रालयसँग समन्वय गर्न सकिने व्यहोरा समेत उक्त पत्रमा उल्लेख गरिएको ।



## मुद्दा सम्बन्धी विवरण:-

मुलुकी फौजदारी कार्यविधि (संहिता), ऐन, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र रही दायर हुन आएका यस कार्यालयमा दर्ता भएका देहाय बमोजिमका जिम्मेवारी सरी आएका मुद्दाहरुको कार्य प्रगति विवरण तपसिल बमोजिम रहेको छ।

**आ.व. २०८१/०८२ बाट जिम्मेवारी सरी आएका मुद्दाहरु :-**

| क्र.सं. | मुद्दाको विवरण | जिम्मेवारी सरी आएका मुद्दाहरु | फछ्यौंट | फछ्यौंट % | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अभद्र व्यवहार गर्न नहुने मुद्दा | ४ | ३ | ७५% | १ | |
| २ | जुवा खेल्न नहुने मुद्दा | - | - | - | - | |
| ३ | सवारी ज्यान क्षतिपुर्ति मुद्दा | १ | - | ०% | १ | |
| | **जम्मा** | ५ | ३ | ६०% | २ | |

### हालसम्मको कुल जम्मा मुद्दा फछ्यौंट सम्बन्धी विवरण (आ.व. २०८२/२०८३ दोस्रो त्रैमासिकसम्मको)

मुलुकी फौजदारी कार्यविधि (संहिता), ऐन, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र रही दायर हुन आएका यस कार्यालयमा दर्ता भएका देहाय बमोजिमका कुल मुद्दाहरुको कार्य प्रगति विवरण तपसिल बमोजिम रहेको छ।


**जम्मा मुद्दाहरु**

| क्र.सं. | मुद्दाको विवरण | दर्ता भएका | फछ्यौंट | फछ्यौंट % | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अभद्र व्यवहार गर्न नहुने मुद्दा | ९ | ५ | ७६.२०% | ४ | |
| २ | जुवा खेल्न नहुने | १ | - | - | १ | |
| ३ | सवारी ज्यान क्षतिपुर्ति सम्बन्धी | २ | - | - | २ | |
| | **जम्मा** | १२ | ५ | ४१.६७% | ७ | |

## राहदानी निवेदन दर्ता र वितरण सम्बन्धी विवरण:-

| सि.नं. | आ.व. २०८२/०८३ कार्तिकदेखि पुष मसान्तमा | | | कैफियत |
|---|---|---|---|---|
| | संकलन फाराम दर्ता | वितरण गरिएका राहदानीहरु | | |
| | | संख्या | प्रतिशत % | |
| १ | ३०८ | ३३१ | १००% | दोस्रो त्रैमासिकमा शत प्रतिशत वितरण भएको, अघिल्लो त्रैमासिकमा वितरण गर्न बाँकी रहेका विद्युतीय राहदानीहरु समेत वितरण भएको। (२०८२ पुष २३ गते सम्मको विवरण) |

# कार्यालयको सामाजिक सञ्जालमा राखिएको सूचना।




# कार्यालयको वेभसाईटमा राखिएको सूचना



**जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट पछिल्लो ३ आर्थिक वर्षको राहदानी सिफारिस र वितरणको अवस्था**

| सि.नं. | आ.व. | सिफारिस | प्राप्त | वितरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८/०७९ | ११४७ | ५०६ | ५०० | ६४१ जना द्रुत सेवामार्फत राहदानी विभाग सिफारिस गरिएको |
| २ | २०७९/०८० | ११९५ | ११९५ | ११२६ | - |
| ३ | २०८०/०८१ | १७२० | १६७५ | १५८८ | - |
| | **जम्मा** | ४०६२ | ३३७६ | ३२१४ | |

## राष्ट्रिय परिचय पत्र विवरण दर्ता र वितरण सम्बन्धी विवरण

यस कार्यालय मातहत रहेको राष्ट्रिय परिचय पत्र विवरण दर्ता स्टेशन-२ बाट विवरण संकलन गरिएका राष्ट्रिय परिचयपत्रको विवरणहरु मध्ये राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट छपाई भएका राष्ट्रिय परिचयपत्र कार्डहरु (NID Card) ऐ. विभागको पत्र संख्या, च.नं. ५७४ मिति २०८०।०८।०८ गतेको पत्रबाट मिति २०८०।०८।१३ गतेमा यस कार्यालयमा ***कुल जम्मा कार्डहरु १७१४२ (सत्र हजार एकसय बयालिस मात्र)*** प्राप्त भएको। यस कार्यालयमा प्राप्त भएका राष्ट्रिय परिचयपत्र कार्डहरु तपशिल बमोजिम वितरण गरिएको।

साथै कार्ड वितरण गर्ने सम्बन्धमा सेवाग्राहीहरुको मोबाईल नं.मा SMS मार्फत जानकारी प्राप्त हुने, तयारी भई आएका कार्डहरुको सूची विवरण एवं सूचना कार्यालयको वेभसाईट, सामाजिक सञ्जालमा राख्ने गरिएको। यस कार्यालयको च.नं. ४१६, मिति २०८१।०५।२८ गतेको पत्रबाट उक्त कार्डहरुको वितरण गर्ने प्रकृयालाई अझै प्रभावकारी बनाउन स्थानीय तहहरुको सहयोगमा बाँकी रहेका कार्डहरुलाई स्थानीय तहमा नै गई वितरण गर्नका ***लागि Card Reader-२ थान र USB Hub Device-२ थान उपकरणहरु माग गरिएकोमा*** विभागबाट उक्त कार्ड रिडर-१ थान उपकरणहरु प्राप्त भएको ।

उक्त NID Card हरुलाई यस जिल्ला स्थित स्थानीय तहमा समेत गई NID कार्ड वितरण गर्ने योजना बमोजिम मिति २०८२।०९।२२ गतेका दिन यस जिल्लाको अपिहिमाल गाउँपालिकामा जम्मा ५९ वटा कार्डहरु वितरण गरिएको । कार्ड वितरण गर्ने सम्बन्धमा स्थानीय तहसंग ***आवश्यक समन्वय तथा व्यवस्थापन भईरहेको*** छ ।

**तपशिल**

| सि.नं. | आ.व. २०८१/०८२ कार्तिक देखि पुष मसान्तमा (त्रेमासिक रुपमा) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | संकलन गरिएको राष्ट्रिय परिचयपत्रहरु | वितरण गरिएका कार्डहरु | | | |
| | | जम्मा प्राप्त संख्या | जम्मा वितरण | प्रतिशत % | |
| १ | **२४१०** | **१७१४२** | **१०७४८** | **६२.६९%** | **(विभागबाट २०८०।०८।१३ मा कार्ड प्राप्त भई हालसम्म जम्मा कार्ड १०७४८ वितरण गरिएको)** |

## सेवा प्रवाह, सहजीकरण, समन्वय सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी विवरण

प्रमुख जिल्ला अधिकारी श्री अनिल पौडेल ज्यूको नेतृत्वमा दार्चुला जिल्लाको विकट अपिहिमाल गाउँपालिकामा मिति २०८२।०९।२२ गतेका दिन जिल्ला प्रशासन कार्यालय दार्चुलाको आयोजना तथा अपिहिमाल गाउँपालिकको सहजीकरणमा गरिएको "कार्यालयको सेवा प्रवाह, सहजीकरण र समन्वय सम्बन्धी सार्वजनिक सुनुवाई" कार्यक्रमले स्थानीय प्रशासन र नागरिकबीचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको । उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालय दार्चुलाले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका मुख्य कार्यहरू, नागरिकता तथा राष्ट्रिय परिचयपत्र वितरणको अवस्था, र दुर्गम बस्तीहरूमा सञ्चालित एकीकृत घुम्ती शिविरका उपलब्धिहरूका बारेमा विस्तृत विवरण प्रस्तुत गरिएको। विशेषगरी ३७ वटा वडाहरूमा नागरिकता सिफारिसका लागि अनलाइन प्रणालीको सुरुवात, करिब ११ हजार राष्ट्रिय परिचयपत्र वितरण, र सहायता कक्ष (Help Desk) तथा ज्येष्ठ नागरिकका लागि विशेष प्राथमिकता जस्ता सुधारका प्रयासहरूले सेवा प्रवाहमा पारदर्शिता र सहजता ल्याएको विषयलाई जोड दिइएको। कार्यक्रममा नागरिकहरूले सेवा लिने क्रममा भोगेका समस्याहरू प्रत्यक्ष रूपमा सुन्दै, प्रशासनले हालसम्म १०,६८७ थान राष्ट्रिय परिचयपत्र कार्ड वितरण गरिसकेको र ३९,४४६ जनाको विवरण दर्ता गरिसकेको जानकारी दिंदै सेवालाई अझ बढी प्रविधिमैत्री र जनमुखी बनाउने प्रतिबद्धता व्यक्त गरियो।

कार्यक्रममा अपिहिमाल जस्तो भौगोलिक रूपमा विकट क्षेत्रमा सेवा प्रवाह गर्दा आइपर्ने चुनौतीहरू, विशेष गरी गाउँपालिकाको केन्द्रसम्म सडक पूर्वाधारको पहुँच पुऱ्याउन पर्याप्त सहजीकरण हुन नसकेको र विपद् व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको अभाव जस्ता गम्भीर विषयहरूमा सघन छलफल भएको थियो। यसका साथै अपि हिमाल र अपि बेस क्याम्प जस्ता विश्वप्रसिद्ध पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयलाई थप प्रभावकारी बनाउनुपर्ने र गोकुले क्षेत्रमा इलाका प्रशासन कार्यालय स्थापनाका लागि पहल गर्नुपर्ने मागलाई प्राथमिकताका साथ उठाइएको ।

समाजमा व्याप्त लागु औषधको समस्या, आत्महत्या न्यूनीकरण र सामाजिक कुरीतिहरूको अन्त्यका लागि स्थानीय प्रशासनले चालेका कदमहरू र आगामी दिनमा गरिने सचेतनामूलक कार्यक्रमहरूको खाका प्रस्तुत गर्दै प्रमुख जिल्ला अधिकारी पौडेलले प्रशासनिक सेवालाई सदरमुकाममा मात्र सीमित नराखी नागरिकको घरदैलोसम्म पुऱ्याउन घुम्ती शिविरहरूलाई निरन्तरता दिने दृढता व्यक्त गर्नुभयो। सार्वजनिक सुनुवाईमा संकलन गरिएका सुझावहरूलाई आगामी नीति र कार्ययोजनामा समावेश गरी भ्रष्टाचारमुक्त, सुशासनयुक्त र जवाफदेही प्रशासनको प्रत्याभूति दिलाउन जिल्लास्थित सबै सुरक्षा निकाय र सरोकारवालाहरूको साझा प्रतिबद्धताका साथ कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारिएको थियो।

स्थानीयका गुनासो र सुझावलाई सम्बोधन गर्दै प्रशासनले दुर्गम क्षेत्रमा समेत सुशासनको प्रत्याभूति दिलाउने र सेवा प्रवाहमा समन्वयकारी भूमिका निर्वाह गर्ने संकल्पका साथ यो कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।

**कार्यक्रममा लिएका तस्वीरहरु:-**

















## लागु औषध नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन सम्बन्धी विवरण

प्रस्तुत विषयमा मिति २०८२/०७/२३ गते जिल्ला प्रशासन कार्यालय, दार्चुलामा सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहज्यूको प्रमुख आतिथ्यता र जिल्ला समन्वय समिति प्रमुख श्री महादेव बडूज्यूको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। जिल्लाका सुरक्षा निकाय, सरकारी कार्यालयका प्रमुखहरू र स्थानीय तहका पदाधिकारीहरूको व्यापक उपस्थिति रहेको उक्त बैठकमा जिल्लाको समसामयिक वस्तुस्थितिका साथै संघ, प्रदेश र स्थानीय तह बीचको आपसी समन्वय र अन्तरसम्बन्धका विषयमा छलफल गरियो । यस कार्यक्रमले तीनै तहका सरकारबीचको कार्यगत एकता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन विशेष जोड दिएको।

सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२/०७/२३ गते सम्पन्न अन्तरक्रिया कार्यक्रममा दार्चुला जिल्लाको लागु औषध नियन्त्रण र सुरक्षा व्यवस्थापनका सम्बन्धमा विस्तृत छलफल गरियो।प्रमुख जिल्ला अधिकारी श्री अनिल पौडेलज्यूको प्रस्तुतीकरण अनुसार जिल्लामा लागु औषधको बढ्दो जोखिमलाई न्यूनीकरण गर्न "लागु औषध विरुद्ध युवा सचेतना" अभियानलाई तीव्रता दिइएको भने भारतीय समकक्षी (Counterpart) सँगको समन्वयमा सीमा नाकाबाट हुने अवैध ओसारपसार नियन्त्रणमा विशेष जोड दिइएको। साथै, स्थानीय बजारमा सञ्चालित औषधि पसलहरूबाट लागु औषधजन्य औषधिको दुरुपयोग रोक्न आकस्मिक अनुगमन र निगरानीका कार्यहरू सुरक्षा निकाय र स्थानीय तहको सहकार्यमा प्रभावकारी रूपमा अगाडि बढाइएको।

जिल्लाको रणनीतिक महत्त्व र त्रिदेशीय सीमा क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गर्दै सुरक्षा उपस्थितिलाई थप सुदृढ बनाउन प्रदेश र स्थानीय तहको सक्रिय साझेदारीको अपेक्षा गरिएको । विशेष गरी तिंकर भन्ज्याङ लगायतका उत्तरी सीमा क्षेत्र र कौवा जस्ता संवेदनशील स्थानमा सशस्त्र प्रहरी बलको स्थायी उपस्थिति र प्रविधिमैत्री निगरानी (CCTV/Drone) बढाउन आवश्यक रहेको कुरा कार्यक्रममा औंल्याइएको। लागु औषध नियन्त्रण केवल प्रहरीको मात्र जिम्मेवारी नभई स्थानीय तहका जनप्रतिनिधि र सामाजिक संघ-संस्थाहरूको पनि साझा दायित्व भएकाले तीनै तहका सरकारबीचको कार्यगत एकता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै स्वस्थ र सुरक्षित समाज निर्माण गर्ने साझा प्रतिबद्धता व्यक्त गरिएको ।

**कार्यक्रममा लिएका तस्वीरहरु:-**




दार्चुला जिल्लाको समसामयिक वस्तुस्थिति सम्बन्धमा
संघ, प्रदेश र स्थानीय
तहका सरोकारवाला निकाय बीच
छलफल तथा अन्तरक्रिया कार्यक्रम-२०८२
अतिथि:- माननीय मुख्यमन्त्री कमल बहादुर शाह
दार्चुला








दार्चुला जिल्लाको समसामयिक वस्तुस्थिति सम्बन्धमा
संघ, प्रदेश र स्थानीय
तहका सरोकारवाला निकाय बीच
छलफल तथा अन्तरक्रिया कार्यक्रम-२०८२
प्रमुख अतिथि : माननीय मुख्यमन्त्री कमल बहादुर शाह
जिल्ला प्रशासन कार्यालय


दार्चुला जिल्लाको समसामयिक वस्तुस्थिति सम्बन्धमा
संघ, प्रदेश र स्थानीय
तहका सरोकारवाला निकाय बीच
छलफल तथा अन्तरक्रिया कार्यक्रम-२०८२
प्रमुख अतिथि : माननीय मुख्यमन्त्री कमल बहादुर शाह
जिल्ला प्रशासन
दार्चुला

## बजार अनुगमन सम्बन्धी विवरण मिति २०८२।०९।२३ गते

जिल्ला प्रशासन कार्यालय, दार्चुलाको अगुवाइमा उपभोक्ता हित संरक्षण, कालोबजारी नियन्त्रण र स्वच्छ बजार कायम गर्ने उद्देश्यले मिति २०८२/०९/२३ गते अपिहिमाल गाउँपालिका वडा नं. ४ र ५ क्षेत्रमा सञ्चालित विभिन्न व्यापारिक प्रतिष्ठानहरूको आकस्मिक/छड्के अनुगमन गरियो। उक्त अनुगमन प्रमुख जिल्ला अधिकारी श्री अनिल पौडेलज्यूको संयोजकत्वमा र वडा अध्यक्ष (वडा नं ४) को उपस्थितिमा सम्पन्न भएको। अनुगमन विवरण तपशिल बमोजिम रहेको छ।

**अनुगमन विवरण:**

अनुगमन टोलीले खाद्यान्न, किराना, फेन्सी तथा होटल गरी कुल ४ वटा व्यावसायिक फर्महरूको निरीक्षण गरेको थियो। फर्महरूको विस्तृत विवरण निम्न अनुसार छ:

| क्र.स. | फर्म/पसलको नाम | ठेगाना | मुख्य कैफियत/स्थिति | दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. | **मन्याल फैन्सी एण्ड किराना** | अपिहिमाल गा.पा. ४ | • मूल्य सूची र साइनबोर्ड भएको। • पान/भ्याट दर्ता भएको। • नापतौल प्रमाण भएको। | • उपभोक्ताले देख्ने गरी मूल्य सूची राख्न र सोही अनुसार कारोबार गर्न निर्देशन दिइयो। |
| २. | भवानी होटेल | अपिहिमाल-०४ | • व्यवसाय दर्ता, पान र बिल प्रक्रिया ठीक रहेको। • मासुको गुणस्तर सन्तोषजनक नदेखिएको। | • खाना र मासुको गुणस्तर तथा सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिइयो। |
| ३. | **अपी वहुउद्देश्य सहकारी संस्था** | अपिहिमाल-०४ | • साइनबोर्ड, दर्ता र नापतौल ठीक रहेको। • म्याद नाघेका सामग्री र लेबलिङमा स्पष्टताको कमी। | • लेबलिङ स्पष्ट खुलाउन र म्याद गुज्रेका सामग्री (Expire date) व्यवस्थापन गर्न/हटाउन निर्देशन दिइयो। |
| ४. | **न्यु धामी किराना एण्ड फैन्सी पसल** | अपिहिमाल-०५ | • नापतौल सामग्री दुरुस्त रहेको। • खरिद/बिक्री बिल प्रक्रिया भएको। • अघिल्लो निर्देशनको पालना गरेको। | • म्याद नाघेका सामग्रीहरु बिक्री स्थलबाट हटाउन र उपभोग्य मिति जाँच गर्न सुझाइयो। |

**३. अनुगमनका क्रममा देखिएका विषयहरू:**

- प्रायः सबै पसलहरू व्यवसाय दर्ता गरी सञ्चालनमा रहेका छन्।
- सबै व्यवसायीहरू स्थायी लेखा नम्बर (PAN) वा भ्याट (VAT) मा दर्ता भएको पाइयो।
- अधिकांश पसलमा साइनबोर्ड र मूल्य सूची राखिएको।

- **सुधार गर्नुपर्ने/निर्देशन दिएका विषयहरु:**
  - केही पसलहरूमा लेबलिङ स्पष्ट नभएको र उपभोग्य मिति (Expiry Date) व्यवस्थापनमा कमजोरी देखिएको।
  - होटल तथा रेष्टुरेन्टमा खाद्य स्वच्छता र मासुको गुणस्तरमा सुधार आवश्यक देखियो।

अनुगमनका क्रममा देखिएका कमी-कमजोरीहरूलाई तत्काल सुधार गर्न सम्बन्धित व्यवसायीहरूलाई स्थलगत रूपमै निर्देशन दिइएको। "एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने" व्यहोरा सबै व्यवसायीलाई जानकारी गराइएको। उपभोक्ताको स्वास्थ्य र अधिकार सुनिश्चित गर्न यस्ता अनुगमनलाई निरन्तरता दिनुपर्ने देखिन्छ।

**बजार अनुगमन गर्दा लिएका तस्वीरहरु**













प्रस्तुत विषयमा यस कार्यालयको समन्वय/सहकार्यमा तथा घरेलु तथा साना उद्योग कार्यालय दार्चुलाको आयोजनामा संयुक्त रुपमा जिल्ला बजार अनुगमन समितिले मिति २०८२।०७।२९ गतेका दिन दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका अन्तर्गत खण्डेश्वरी बजार स्थित खाद्यान्न, किराना र होटलहरुको बजार अनुगमन निरीक्षण गरि तपशिल बमोजिमका कार्यहरु गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**तपसिल**

| सि.नं. | स्थानीय तह/बजार क्षेत्र | अनुगमन गरिएको मिति | अनुगमन गरिएका पसलहरु | जफत/नष्ट गरिएको सामग्री तथा अंदाजी मुल्य | जरिवाना | निर्देशन गरिएको विषय |
|---|---|---|---|---|---|---|
| १ | दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका अन्तर्गत खण्डेश्वरी बजार क्षेत्र | २०८२।०७।२९ | जम्मा अनुगमन गरेका पसल संख्या १० | बडी मिठाई-५ प्याकेट रु. २०००/- लिची-१८ पिस रु. ४५० | नभएको | पसलहरुमा सरसफाईको मापदण्ड पुरा नगर्ने, नविकरण नगरि बिक्रि वितरण गर्ने, मुल्यसूची, साईन बोर्ड, वील बिजक नराख्ने पसलहरुलाई मापदण्ड पालना गर्न निर्देशनका साथै उपभोक्ता हक हित संरक्षण तथा विक्रीकर्ताको दायित्व बारे |

| सि.नं. | स्थानीय तह/बजार क्षेत्र | अनुगमन गरिएको मिति | अनुगमन गरिएका पसलहरु | जफत/नष्ट गरिएको सामग्री तथा अंदाजी मुल्य | जरिवाना | निर्देशन गरिएको विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | सचेत गराईएको। |
| जम्मा | | | १० वटा पसलहरु | रु. २,४५०/- | नभएको | |

**बजार अनुगमन गरिएका तस्वीरहरु**









## सीमा नाकामा गरिएको निरीक्षण र अनुगमन सम्बन्धी विवरण

लागु औषधको अवैध कारोबार र दुर्व्यसनले समाजमा गम्भीर असर पारिरहेको छ। विशेष गरी खुल्ला सीमा नाका र बजार क्षेत्रका निश्चित स्थानहरू लागु औषध ओसारपसार र प्रयोगका लागि 'हटस्पट' बन्ने जोखिम देखिएकोले यसको रोकथाम तथा नियन्त्रणका लागि सम्भाव्य क्षेत्र र सीमा नाकाको विशेष निरीक्षण तथा अनुगमन गरिएको।

यस जिल्लास्थित नेपाल-भारत सीमा नाकाहरूबाट हुने आवतजावतलाई व्यवस्थित गर्न, लागु औषधको ओसारपसार नियन्त्रण गर्न र भन्सार छली चोरी निकासी पैठारीलाई निरुत्साहित गर्न जिल्ला प्रशासन कार्यालय तथा मातहतका सुरक्षा निकायहरूबाट नियमित तथा आकस्मिक अनुगमन हुँदै आएको। प्रमुख जिल्ला अधिकारी र जिल्ला स्थित सुरक्षा निकायहरुबाट समय समयमा दार्चुला जिल्ला स्थित रहेका नेपाल-भारत सीमा नाकाहरुको अनुगमन निरीक्षण गरिएको। यसका साथै लागु औषध नियन्त्रण सम्बन्धमा दार्चुला जिल्लामा प्राकृतिक रुपमा उम्रेका गाँजाका बोटहरु समेत नष्ट गरिईदै आएको।सोही सन्दर्भमा आ.व. २०८२/२०८३ को दोस्रो त्रैमासिकमा सम्पादित मुख्य क्रियाकलाप र प्रगति विवरण तपसिल बमोजिम रहेको छ।

**१. सीमा नाकामा नियमित चेकजाँच तथा अनुगमन:** नेपाल-भारत सीमा नाकाहरूबाट आवतजावत गर्ने सम्पूर्ण यात्रु तथा नागरिकहरूको सुरक्षा र अवैध गतिविधि नियन्त्रणका लागि सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरी (जनपद) को संयुक्त तथा एकल टोलीद्वारा चौबीसै घण्टा कडा निगरानी र नियमित चेकजाँचको व्यवस्था मिलाइएको।जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रमुखहरूबाट समय-समयमा छड्के अनुगमन गर्ने प्रणाली समेत स्थापित गरिएको।

**२. विशेष अनुगमन तथा निरीक्षण (मिति २०८२।०९।२०):** सीमा सुरक्षा र व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले मिति २०८२।०९।२० गतेका दिन यस कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विनोद दाहालज्यूको नेतृत्वमा सहायक कर्मचारी सहितको एक विशेष अनुगमन टोलीले यस जिल्लाको महाकाली नगरपालिका वडा नं. ५ स्थित दार्चुला-धारचुला जोड्ने झोलुङ्गे पुल, सीमा नाका क्षेत्र र दार्चुला भन्सार कार्यालयको स्थलगत अनुगमन तथा निरीक्षण सम्पन्न गरेको। निरीक्षणका क्रममा सुरक्षाकर्मी र भन्सार कर्मचारीहरूलाई अवैध गतिविधि र लागु औषध ओसारपसारमा शून्य सहनशीलता अपनाउन आवश्यक निर्देशन दिइएको।


Shot with my Galaxy A03s


Shot with my Galaxy A03s






**अवैध तथा बेवारिसे सामान बरामद:** भन्सार छली चोरी निकासी नियन्त्रण अभियान अन्तर्गत मिति २०८२।०८।०८ गते बेलुका अन्दाजी १७:३० बजेको समयमा महाकाली नगरपालिका वडा नं. ४ बसपार्क क्षेत्रमा विशेष अपरेसन सञ्चालन गरिएको। सो क्रममा भन्सार छली ल्याइएका देहाय बमोजिमका सामानहरू सडकको पूर्व तर्फको किनारामा बेवारिसे अवस्थामा फेला पारी प्रहरी टोलीले बरामद गरेको:

- भारतीय बिँडी: ४९ बण्डल
- सुट: १५ थान
- चप्पल: १६ जोर
- उनी स्विटर: ७ थान

अन्दाजी रु. ४३,३००।- (त्रियालीस हजार तीन सय) बराबरको उक्त बरामदित सामानहरू आवश्यक कारवाहीका लागि मिति २०८२।०८।०९ गते भन्सार कार्यालय दार्चुला पठाइएको।





**वन पैदावार (बन लसुन) सहित मानिस पक्राउ तथा कारवाही:** मिति २०८२।०४।२६ गते साँझको समयमा भारतको धार्चुलाबाट नेपालतर्फ आउँदै गरेकी जिल्ला दार्चुला नौगाड गाउँपालिका वडा नं. ०४ घर भई हाल महाकाली न.पा. ४ बस्ने वर्ष ३० की धाना धामी शाहुलाई भन्सार चेकपोस्टमा चेकजाँच गरिएको। जिल्ला प्रहरी कार्यालय दार्चुला र अस्थायी प्रहरी पोस्ट पुलघाटको संयुक्त टोलीले निजको साथबाट वन पैदावार (बन लसुन) जस्तो देखिने सेतो रङको अन्दाजी ५ (पाँच) किलोग्राम वस्तु बरामद गरेको। बरामदित वस्तु र निज व्यक्तिलाई आवश्यक कानुनी कारवाहीका लागि डिभिजन वन कार्यालय, दार्चुला पठाइएको व्यहोरा अनुरोध छ।



## आयोजनाको कार्यान्वयन सहजिकरण, अनुगमन र सुरक्षा व्यवस्थापन सम्बन्धी विवरण

प्रस्तुत विषयमा महाकाली लोकमार्ग अन्तर्गत दार्चुला सदरमुकाम खलङ्गा जोड्ने गोकुलेश्वर-खलङ्गा सडक खण्डमा पर्ने **धौलीगाड खोला पुल** निर्माणका लागि वि.सं. २०७१ असार ३० गते सडक डिभिजन पाटन, बैतडी र आशिष कन्स्ट्रक्सन, धनगढीबीच ठेक्का सम्झौता भएको। सम्झौता भएको ११ वर्षभन्दा बढी समय व्यतीत भइसक्दा पनि उक्त पुल निर्माण कार्य अझै अलपत्र अवस्थामा रहेको देखिन्छ। पुल निर्माण नहुँदा सदरमुकाम आवतजावत गर्ने सवारी साधनहरू जोखिमपूर्ण रूपमा खोलाबाटै सञ्चालन गर्नुपर्ने बाध्यता रहेको। विशेष गरी वर्षायाममा आम सर्वसाधारण, यातायात व्यवसायी र बिरामीहरूले ठूलो सास्ती र असुरक्षा भोग्नुपरिरहेको । निर्माण व्यवसायी र सम्बन्धित निकायबीच केही कानुनी तथा प्रक्रियागत विवादहरू रहेका कारण काम अगाडि बढ्न नसकेको। धौलीगाड खोला पुलको संवेदनशीलतालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय दार्चुलाको च.नं. ६२७, मिति २०८२।०७।१७ गतेको पत्र मार्फत सडक डिभिजन पाटन वैतडीलाई निर्माण व्यवसायीसँगको विवाद सल्टयाई कार्य अविलम्ब अगाडि बढाउन अनुरोध गरिएको।

सदरमुकाम जोड्ने यो संवेदनशील पूर्वाधार निर्माणमा देखिएका प्रक्रियागत अड्चनहरू हटाउन र निर्माण कार्यलाई गति दिन गृह मन्त्रालय र सडक विभागसँग आवश्यक समन्वय गरी अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

**उच्चस्तरीय अवलोकन भ्रमण:-** मिति २०८२/०९/१० गतेका दिन नेपाली राजदूतावास, नयाँ दिल्लीका महामहिम राजदूत **डा. शंकरप्रसाद शर्माज्यू** लगायतको टोलीबाट दार्चुला जिल्लाको महत्वपूर्ण सीमा संरचनाहरूको अवलोकन भ्रमण सम्पन्न भएको। उक्त टोलीले निम्न क्षेत्रहरूको वस्तुस्थिति बुझ्ने कार्य गरेको:

- नेपाल-भारत जोड्ने झोलुङ्गे पुल।
- खलंगा बजार तथा सीमा क्षेत्र।
- असीगडा स्थित मोटरेबल पुल।

महामहिम राजदूतज्यूको भ्रमणका क्रममा भएका छलफल र निर्देशनका आधारमा यस आयोजनाको कार्यान्वयनलाई तीव्रता दिन र सुरक्षा व्यवस्थापनलाई थप चुस्त बनाउन समन्वय भईरहेको।

**नेपाल-भारत सीमानाका महाकाली न.पा. वडा नं. ८ असिगडा स्थित महाकाली नदीमा माथी निर्माणाधिन मोटरेबल पुलमा लिएका तस्विर**



जिल्ला प्रशासन कार्यालयले धौलीगाड पुल लगायत जिल्लाभर सञ्चालित अन्य विकास निर्माणका आयोजनाहरूको कार्यान्वयनमा देखिएका बाधा अड्चन फुकाउन निरन्तर समन्वय तथा सहजीकरण गरिरहेको। राष्ट्रिय गौरवका आयोजना तथा अन्य पूर्वाधार निर्माणस्थलमा शान्ति सुरक्षा कायम गरी काम गर्ने वातावरण सिर्जना गरिएको । निर्माण व्यवसायीहरूसँगको कानुनी तथा प्रक्रियागत विवाद सल्ट्याउन पहल गर्ने, समयमै काम सम्पन्न गर्न नियमित अनुगमन गर्ने र सुरक्षा संवेदनशीलताका आधारमा स्थलगत सुरक्षा व्यवस्थापनलाई थप सुदृढ बनाइएको ।

## विद्यालय, क्याम्पस, युवा क्लबमा युवा लक्षित सचेतनामूलक कार्यक्रम विवरण

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, दार्चुलाको आयोजना तथा जिल्ला प्रहरी कार्यालय, दार्चुलाको समन्वय र सहकार्यमा आज मिति २०८२ साल पौष १८ गते शुक्रबारका दिन दार्चुला बहुमुखी क्याम्पस, खलंगाको प्रांगणमा "लागू औषध नियन्त्रण सम्बन्धी युवा लक्षित सचेतना कार्यक्रम" सम्पन्न भएको । दार्चुला बहुमुखी क्याम्पसको व्यवस्थापकीय सहयोगमा सञ्चालित उक्त कार्यक्रम क्याम्पस प्रमुख श्री नरेन्द्र राज अवस्थीज्यूको अध्यक्षतामा सम्पन्न भएको । कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका तर्फबाट सहायक प्रमुख जिल्ला अधिकारी श्री विनोद दाहाल, सुरक्षा निकायको तर्फबाट प्रहरी निरीक्षक श्री हेम राज भट्ट, महाकाली नगरपालिका वडा नं ४ का वडा अध्यक्ष श्री जगत चुनारा लगायत क्याम्पसका सहायक प्रमुख, प्राध्यापक, कर्मचारी र १०० जना भन्दा बढी विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको । समाजमा बढ्दै गएको लागू औषध दुर्व्यसन न्यूनीकरण गर्ने, युवाहरूलाई यसको कानुनी तथा सामाजिक असरबारे सचेत गराउने र सभ्य समाज निर्माणमा टेवा पुऱ्याउने उद्देश्यले आयोजित यस कार्यक्रममा सरोकारवालाहरू बीच अन्तर्क्रिया गरिनुका साथै सहभागीहरूले दुर्व्यसन विरुद्ध सचेतना फैलाउने प्रतिबद्धता व्यक्त गरेका ।

**कार्यक्रममा लिएका तस्वीरहरु:-**




लागूऔषध दुर्व्यसन र अवैध ओसारपसार
विरुद्ध युवा तथा विद्यार्थी लक्षित
सचेतना कार्यक्रम
आयोजक : जिल्ला प्रशासन कार्यालय, दार्चुला
सह-आयोजक : जिल्ला प्रहरी कार्यालय, दार्चुला
मिति : २०८२।०९।१८ गते
स्थान: दार्चुला बहुमुखी क्याम्पस





## जग्गा प्राप्ति, मुआब्जा वितरण, लिज र उपयोग सम्बन्धी कार्य विवरण

महाकाली नगरपालिकाको वडा नं. ८ असीगडा र भारतको उत्तराखण्ड राज्यको पिथौरागढ जिल्लाको धारचुला क्षेत्रको धारछुम क्षेत्र बिच नेपाल भारत जोड्ने गरी निर्माण भएको मोटरेबल पुलको नेपालतर्फको सरकारी र सार्वजनिक पर्ति जग्गा दार्चुला भन्सार कार्यालयको स्वामित्वमा रहने गरी लिजमा प्राप्तिका लागि फिल्ड नापजाँच, स्थानीयवासीहरुसंगको समझदारी, आवश्यक कागजात सहित विभिन्न चरणका कार्य सम्पन्न गरी जिल्ला स्थित प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको लिजमा जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि अनुरुप गठित समितिको मिति २०८२।०५।०९ गतेको बैठकको निर्णय सहित विभाग, भूमि सुधार मन्त्रालय मार्फत मन्त्रालयस्तर र मन्त्री परिषदस्तरबाट ICP संरचना निर्माणका लागि लिजमा जग्गा माननीय मन्त्री स्तरबाट मिति २०८२।०७।२६ र मन्त्री परिषदबाट मिति २०८२।०८।०२ बाट निर्णय भई फाईल फिर्ता प्राप्त भएको। नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. २७५, मिति २०८२/०८/०७ को प्राप्त पत्र अनुसार दार्चुला भन्सार कार्यालयको भौतिक पूर्वाधार निर्माणका लागि जग्गा प्रयोग गर्न दिने निर्णय भएको व्यहोरा अवगत भयो। सो सम्बन्धमा यस जिल्ला स्थित दार्चुला भन्सार कार्यालयलाई जग्गा उपलब्ध गराउने निर्णय कार्यान्वयनको अवस्थाबारे देहाय बमोजिम रहेको छ:

**१. निर्णयको व्यहोरा:** दार्चुला भन्सार कार्यालयलाई भवन लगायतका संरचना निर्माण गर्नका लागि साविक धाप गा.वि.स. वडा नं. ४ स्थित देहाय बमोजिमका कित्ताहरु प्रयोग/उपयोग गर्न दिने निर्णय भएको:

- साविक धाप गा.वि.स. वडा नं. ४, कि.नं. ७२८ (क्षेत्रफल ३९-५-१-२) मध्ये प्रस्तावित 'ख' ब्लकको क्षेत्रफल **३५-१५-०-० रोपनी** जग्गा 'सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९' बमोजिम उपयोग गर्न दिने (माननीय मन्त्रीस्तरको मिति २०८२/०७/२६ को निर्णय)।

- साविक धाप गा.वि.स. वडा नं. ४, कि.नं. ७२२ (क्षेत्रफल १९-१४-०-०) मध्ये प्रस्तावित 'ख' ब्लकको क्षेत्रफल **१५-१३-३-२ रोपनी** जग्गा 'भूमि सम्बन्धी ऐन, २०२१' को दफा ५९क बमोजिम प्रयोग गर्न दिने (नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२/०८/०२ को निर्णय)।

उक्त जग्गाहरू प्रयोग गर्दा अतिक्रमण हुन नदिने, तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्ने, ऐतिहासिक/सांस्कृतिक महत्वमा असर नपर्ने गरी प्रयोग गर्ने र नाफामूलक कार्यमा प्रयोग वा भाडामा दिन नपाइने जस्ता शर्तहरू तोकिएका । नेपाल सरकारको उक्त निर्णय बमोजिम नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी जग्गाको सिमाङ्कन र हस्तान्तरण प्रक्रिया अगाडि बढाइएको । भन्सार कार्यालयको स्तरोन्नति र पूर्वाधार विकासका लागि यो निर्णय अत्यन्त आवश्यक र सकारात्मक रहेको । स्थानीय प्रशासनको तर्फबाट उक्त जग्गाको संरक्षण र तोकिएको शर्त पालना गराउन आवश्यक सहजीकरण तथा अनुगमन भइरहेको व्यहोरा अनुरोध छ।

**अनुगमन गर्दा लिएका तस्वीरहरु**





## संघ संस्था अनुगमन सम्बन्धी विवरण

जिल्ला प्रशासन कार्यालय, दार्चुलामा प्रचलित कानून बमोजिम दर्ता भएका संघसंस्थाहरुले आफ्नो विधान, उद्देश्य र प्रचलित ऐन-नियमको परिधिभित्र रही कार्य गरे/नगरेको यकिन गर्न, संस्थागत सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न यस कार्यालयबाट संघसंस्थाहरुको नियमित अनुगमन गर्ने गरिएको ।

यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका संघसंस्थाहरुको कामकारबाहीलाई पारदर्शी, जवाफदेही र कानूनसम्मत् बनाउने उद्देश्यले नियमित अनुगमन गर्ने क्रममा आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिकमा केही संघसंस्थाहरुको अनुगमन गरिएको ।उक्त अनुगमनबाट प्राप्त विवरणका आधारमा तयार पारिएको एकीकृत प्रतिवेदन आवश्यक जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध छ । साथै, यस दार्चुला जिल्लामा हालसम्म कुनै पनि निजी सुरक्षा कम्पनी दर्ता भई सञ्चालनमा नरहेको व्यहोरा समेत जानकारीको लागि सादर अनुरोध छ।

**२. अनुगमन गरिएका संस्थाहरुको विवरण तथा कैफियत:**

| क्र.सं. | संस्थाको नाम र ठेगाना | अनुगमन मिति | मुख्य कैफियत/अवस्था |
|---|---|---|---|
| १ | **सामाजिक सशक्तीकरण तथा महिला सचेतना संस्था**, दार्चुला | २०८२/०७/२४ | - संस्था भाडाको भवनमा सञ्चालित रहेको र साइनबोर्ड रहेको।<br>- वार्षिक १२ वटा बैठक सम्पन्न हुने गरेको र कागजात व्यवस्थित रहेको।<br>- सूचना अधिकारी र गुनासो पेटिकाको व्यवस्था भएको। |
| २ | **ग्रामीण विकास समाज**, लेकम-३, दार्चुला | २०८२/०८/०१ | - भाडाको भवनमा कार्यालय रहेको र नवीकरण नियमित रहेको।<br>- वार्षिक १२ वटा बैठक बस्ने गरेको।<br>- सूचना अधिकारी नतोकिएको र गुनासो पेटिका नभएकोले तुरुन्त व्यवस्था गर्न निर्देशन दिइएको। |
| ३ | **मानसरोवर ग्रामीण विकास सेवा केन्द्र**, महाकाली-४, दार्चुला | २०८२/०८/१४ | - संस्थाको आफ्नै भवन, साइनबोर्ड र सूचना अधिकारी तोकिएको पाइएको।<br>- वार्षिक १३ वटा बैठक सम्पन्न भएको।<br>- नवीकरण र लेखापरीक्षण अद्यावधिक रहेको। |
| ४ | **श्री रतोडे स्वामी सेवा केन्द्र**, लेकम-३, दार्चुला | २०८२/०९/०६ | - आफ्नै भवनमा सञ्चालित ।<br>- नवीकरण र प्रगति विवरण अद्यावधिक रहेको।<br>- सूचना अधिकारी र गुनासो समाधानको अभ्यास नरहेकोले तुरुन्त कार्यान्वयन गर्न सुझाव दिइएको। |
| ५ | **आदर्श युवा समाज**, महाकाली-४, दार्चुला | २०८२/०९/०७ | - भाडाको भवनमा कार्यालय रहेको र नवीकरण अद्यावधिक रहेको। |

| क्र.सं. | संस्थाको नाम र ठेगाना | अनुगमन मिति | मुख्य कैफियत/अवस्था |
|---|---|---|---|
| | | | - साधारण सदस्य संख्या ४० रहेको र लेखा स्रेस्ता व्यवस्थित रहेको। |
| ६ | **हुनैनाथ मन्दिर विकास समाज,** लेकम-१, दार्चुला | २०८२/०९/०८ | - संस्थाको आफ्नै भवन र साइनबोर्ड रहेको। - वार्षिक प्रगति विवरण, लेखापरीक्षण र नवीकरण अद्यावधिक रहेको। - सदस्य संख्या १४५ र लाभग्राही संख्या करिब २५० रहेको। |

अनुगमनबाट केही संस्थाहरुले आफ्नो कामकारबाही व्यवस्थित र पारदर्शी बनाएको पाइए तापनि अधिकांश संस्थाहरुले नवीकरण, लेखापरीक्षण, सूचना अधिकारी तोक्ने, वार्षिक साधारण सभा गर्ने जस्ता कानूनी प्रावधानहरुमा ध्यान दिनुपर्ने देखिएको । संस्थाहरुको क्षमता अभिवृद्धि तथा कानूनी प्रावधानबारे सचेत गराउन आवश्यक देखिएकोले सबै संस्थाहरुलाई प्रचलित कानूनको पूर्ण पालना गर्न निर्देशन दिइएको । आगामी दिनमा समेत अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।निरीक्षण अनुगमन चेकलिष्ट पाना थान-६ (छ) यसैसाथ संलग्न राखि पेश गरिएको।

## १६. सूचना अधिकारी र प्रमुखको नाम र पद :

**क) कार्यालय प्रमुख :**

- **नाम:** अनिल पौडेल
- **पद:** प्रमुख जिल्ला अधिकारी

**ख) सूचना अधिकारी :**

- नाम: विनोद दाहाल
- पद: सहायक प्रमुख जिल्ला अधिकारी

## १७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७

- संस्था दर्ता नियमावली, २०३४
- विवाह दर्ता नियमावली, २०२८
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- गृह प्रशासन सुधार कार्ययोजना योजना, २०७४
- जिल्ला स्तरीय विभिन्न कार्ययोजनाहरु

## १८. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

- स्थानीय सञ्चार माध्यम/पत्रकारहरुसंग नियमित रुपमा भेटघाट, अन्तर्क्रिया हुने गरेको ।
- सूचनाका लागि कार्यालयमा कुनै निवेदन प्राप्त नभएको ।

## १९. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:-

**१. अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ।**

**२. सार्वजनिक निकायको बेभसाईट भए सोको विवरण ।**

**Website:-** www.daodarchula.moha.gov.np

- सार्वजनिक निकायले प्राप्त गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।
- सार्वजनिक निकायले वर्गिकरण तथा संचालन गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।
- **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:-** लिखित रुपमा सूचना माग नभएको ।

**३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सोको विवरण ।**

यस कार्यालयका सार्वजनिक गर्नु पर्ने सम्पूर्ण सूचनाहरु यस कार्यालयको Website, Facebook Page र Twitter मार्फत उपलब्ध गराईएका छन् ।

**Website:-** www.daodarchula.moha.gov.np

**Facebook Page:-** www.facebook.com/daodarchula

**Twitter account:-** @daodarchula